बैठक नं.०३

आज मिति २०७८/०३/०४ गते शनिबार दिउसो ११.०० बजे तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तिनाउ गाउँपालिकाको बैठक कक्षमा गाउँपालिकाका अध्यक्ष श्री प्रेम श्रेष्ठ ज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा बसी तपशिल बमोजिम छलफल तथा निर्णय गरियो ।

तपशिलः

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रेम श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री लाल बहादुर थापा | उपाध्यक्ष | |
| ३ | श्री सुन्दर प्रसाद श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| ४ | श्री भुवन सिं चिदी | वडा अध्यक्ष - १ | |
| ५ | श्री यादव प्रसाद अर्याल | वडा अध्यक्ष - २ | |
| ६ | श्री चित्र बहादुर थापा | वडा अध्यक्ष - ३ | |
| ७ | श्री तुल बहादुर आले | वडा अध्यक्ष - ४ | |
| ८ | श्री ईन्द्र कुमारी गाहा चिदी | वडा अध्यक्ष - ५ | |
| ९ | श्री टोम बहादुर पुन | वडा अध्यक्ष - ६ | |
| १० | श्री पम्फा मगर | कार्यपालिका सदस्य | — |
| ११ | श्री धन कुमारी बगाले | कार्यपालिका सदस्य | |
| १२ | श्री कुमारी सुनारी | कार्यपालिका सदस्य | — |
| १३ | श्री गंगा कुमारी राना बगाले | कार्यपालिका सदस्य | |
| १४ | श्री सन्तोष दमाई परियार | कार्यपालिका सदस्य | — |
| १५ | श्री छविलाल गहतराज सुनार | कार्यपालिका सदस्य | — |
| | **अन्य उपस्थिति** | | |
| १६ | श्री शंकर पुरी | लेखा अधिकृत | |
| १७ | श्री किशन कुवँर | ईन्जिनियर | |
| १८ | श्री शिव आत्रेय | क.अ. | |
| १९ | श्री खिम बहादुर राना | सहायक पाचौ | |
| १९ | श्री सुनिल कार्की | लै.प्र. | |

तेस्रो बैठकका प्रस्तावहरू

१. आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रमका लागि राय सुझाव संकलन सम्बन्धमा ।

२. वडागत योजना प्रस्तुती सम्बन्धमा ।

३. ११ औं गाउँसभाको तयारी सम्बन्धमा ।

तेस्रो बैठकका निर्णयहरू

१. तिनाउ गाउँपालिकाको आ.व. २०७९/०८० को बजेट तथा कार्यक्रम सम्बन्धमा छलफल गरियो । वार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा तिनाउमा क्रियाशिल राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, शिक्षाप्रेमी, बुद्धिजीवि, संघसंस्थाका प्रतिनिधिहरूलाई राय सुझाव दिनको लागि मिति २०७९।०३।०५ गते बिहान १० बजे गाउँपालिकामा आमन्त्रण गर्ने निर्णय गरियो । सो कार्यक्रममा गाउँकार्यपालिकाका सबै सदस्य तथा शाखा प्रमुखहरू उपस्थित हुने निर्णय गरियो ।

२. गाउँपालिकाबाट मिति २०७९।०२।२३ गते वडा लाई तोकिएको सिलिङ् अनुसार वडा समितिबाट पेश भएका योजना तथा कार्यक्रम बैठकमा छलफल गरियो ।

३. तिनाउ गाउँपालिकाको ११ औं गाउँसभाको कार्यक्रम मिति २०७९।०३।०९ गते शुभारम्भ गर्ने र ९ गते बिहान ११ बजे नीति तथा कार्यक्रम बैठकमा प्रस्तुत गरी छलफल गर्ने र १० गते बिहान ११ बजे आ.व. २०७९।०८० को बजेट प्रस्तुत गर्ने निर्णय गरियो ।

CamScanner